# भृकुटीमण्डपमा संचालित सटर तथा स्टलहरु सम्बन्धी प्रतिवेदन

(क)उजुरीको संक्षिप्त व्यहोराः

समाज कल्याण परिषद अन्तरगत रहेको भृकुटी मण्डप प्रर्दशनीस्थलमा रहेका साना ठूला पसल एबं स्टलहरु सस्तो मूल्यमा परीषदसंग भाडामा लिई पसल एवं स्टलहरु १ लाख देखि ५० लाखसम्ममा र चनाचटपटे एवं पानी पुरी बिक्रि गर्ने स्थान ५ लाखसम्ममा कर्मचारीको मिलिमतोमा क्रय/बिक्रय हुने गरेकाले सो उपर छानबिन गरी पाउं ।

(ख)तथ्यगत विवरणः

- उजुरीमा औंल्याएका बिषयमा बुझ्दा समाज कल्याण परिषद अन्तरगत रहेको भृकुटीमण्डप प्रदर्शनीस्थल संचालन एबं ब्यवस्थापनका लागि प्रदर्शनीस्थलमै संचालन कार्यालय रहेको। प्रदर्शनीस्थलमा रहेका भौतिक संरचना एवं खालि जमिनको भाडा लगाउंदा परिषद संचालक समितिबाटै निर्णय हुने गरेको।
- परिषद संचालनका लागि समाज कल्याण परिषद ऐन २०४९, समाज कल्याण नियमाबली २०४९तथा समाज कल्याण परिषदको आर्थिक प्रशासन नियमाबली २०५० रहेको।
- अधिकांश सटरहरु २०६२ साल पछि नबिकरण नभएको पाईयो।
- भाडा बापतको रकम बैंकमा वा नगदै जम्मा गर्न सकिने ब्यबस्था रहेको ।
- भृकुटी मण्डप संचालन कार्यालयका कर्मचारीहरुसंगको छलफलका क्रममा प्राय सबै सटर भाडामा लिनेहरुले बेलावेलामा बढेको रकम अनुसारकै भाडा बुझाउने गरेको भन्ने बुझिन आएको। सो संग सम्बन्धित रकम तिरेको रसिदको प्रिन्ट यसैसाथ संलग्न छ।
- यस अघि भाडामा दिईएका सटर स्टलहरु अन्य ब्यक्तिका नाममा नामसरी हुने गरेको बुझिन आएको।
- हाल आएर पनि खुल्ला बजार तर्फ २५० जना पक्की सटर तथा स्टल तर्फ १० जना र नाङ्ले पसल तर्फ ७ जनाले पसल नामसारीका लागि निबेदन दिएको तथा अनुगमनका क्रममा पसल धनिहरुसंग कुराकानी गर्दा अन्य ब्यक्तिका नाममा भाडामा लिएको पसल आफुले संचालन गरेको भन्ने बुझिन आएको एवं कार्यालयवाट समेत केहि पसल धनिहरुले अन्य ब्यक्तिलाई पसल संचालन गर्न दिएको पाईएकाले

सोको सम्झौता तोड्नका लागि निर्णय समेत भएको देखिंदा उजुरीमा उल्लेख भए अनुसार पसलहरु किनबेच हुने गरेको पाईयो।

- भृकुटी मण्डप संचालन कार्यालयको मातहतमा रहेको पक्की स्टल बुथ र टहराहरुको भाडा रकम संकलन गर्दा बास्तबिक ओगटेको क्षेत्रफल र कार्यालयले उठाएको रकमको क्षेत्रफलमा फरक देखिने अबस्था रहेकाले सो नापलाई अध्याबधिक गर्नु पर्ने भनि समाज कल्याण परिषदको मिति २०७३।४।२७ को निर्णयानुर रमेश राज अर्यालको संयोजकत्वमा गठित टोलिले प्रतिबेदन समेत बुझाई सकेको पाईयो।
- भृकुटी मण्डपमा भएको अनियमितताका सम्बन्धमा छानबिनका लागि मोहन रमण भट्टराईको संयोजकत्वमा एउटा समिति गठन भएको र सो समितिले आफ्नो प्रतिबेदन समेत बुझाईसकेको भन्ने जानकारी कार्यालयबाट प्राप्त भएको ।

(ग) निष्कर्ष सुझावः

माथि उल्लेख भए अनुसार समाज कल्याण परिषद अन्तरगत भृकुटी मण्डप संचालन कार्यालय मातहत रहेका भृकुटी मण्डप प्रदर्शनीस्थलका सटर स्टल बुथ तथा नाङ्ले पसलहरु विगत लामो समय देखि नबिकरण समेत नभएको अबस्थामा संचालन हुंदै आएको पाईएकाले उक्त पसलहरु भाडामा लिने ब्यक्ति बाहेक अन्य कसैको नाममा हकभोग हस्तान्तरण नहुने गरी प्रतिस्पर्धाका आधारमा सूचना प्रकाशित गरी नियमानुसार भाडामा लगाउनसमाज कल्याण परिषदलाई निर्देशन दिन उपयुक्त देखिन्छ।

## २. राष्ट्रिय सतर्कता केन्द्रको मिति २०७६।०७।०३ को निर्णयः

समाज कल्याण परिषद अन्तर्गत रहेको भृकुटीमण्डप प्रदर्शनीस्थमा रहेका साना ठूला पसल एवं स्टलहरु सस्तो मूल्यमा परिषदसँग भाडामा लिई पसल एवं स्टलहरु १ लाख देखि ५० लाखसम्ममा किनबेच हुने गरेको भन्ने समेत व्यहोराको उजुरीका सम्बन्धमा छानविन गरी प्रतिवेदन पेश गर्न गठित छानविन टोलीबाट पेश भएको प्रतिवेदन माथि छलफल हुँदा प्रतिवेदनमा उल्लेखित सुझावहरु कार्यान्वयन गर्न समाज कल्याण परिषदमा निर्देशन दिई उजुरीको लगत कट्टा गर्ने निर्णय गरियो ।